शैलुङ गाउँपालिका
Shailung Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
काटाकुटी, दोलखा
Katakuti, Dolakha
३ नं. प्रदेश, नेपाल ।
3 No. Province, Nepal.


आ.ब. : २०७५/७६

मिति : २०७६/०३/११

# प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस शैलुङ गाउँपालिकाद्वारा स्वीकृत **एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७६** को अधिनमा रही गाउँपालिका भित्र बढाबढ प्रक्रियाबाट एम्बुलेन्स सेवा सञ्चालन गर्नुपर्ने भएकोले देहायको शर्त बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट एम्बुलेन्स सञ्चालन सम्बन्धी शिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना प्रकाशन भएको मितिले सातौं दिन सम्म गाउँपालिकाको कार्यालयबाट कार्यालय समयभित्र प्रस्तावपत्र फाराम खरिद गरी आठौं दिनको दिन १२:०० बजे भित्र निर्धारित ढाँचाको प्रस्तावपत्र गाउँपालिका कार्यालयमा दर्ता गर्नुपर्ने छ । दर्ता भएको प्रस्तावपत्र आठौं दिनको दिन ०२:०० बजे गाउँपालिका कार्यालयमा खोलिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**तपसील :**

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

२) सवारी चालक अनुमति पत्रको प्रतिलिपी (कम्तिमा एक वर्ष पुरा भएको)

३) धरौटी वापत रु. १,००,०००/– (एकलाख रुपैंया मात्र) गाउँपालिकाको धरौटी खाता नं. ग–३/१, ०८३००१००५६५७५ मा जम्मा गरेको सक्कल बैंक भौचर ।

४) बढाबढको लागि मासिक न्यूनतम कम्तिमा रु. ७,०००/– (सात हजार रुपैंया मात्र) नघटाई सो भन्दा बढी कति जम्मा गर्न सकिने हो, सो व्यहोरा खुलेको प्रस्तावपत्र ।

५) सम्झौता पश्चात कम्तिमा ३ वर्ष एम्बुलेन्स सेवा सञ्चालन गर्ने प्रतिवद्धता खुलेको हुनुपर्नेछ ।

६) अन्य शर्तहरु गाउँपालिका तथा एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७) प्रस्तावपत्र खरिद गर्ने तथा दर्ता गर्ने दिनमा विदा परेमा उक्त विदा परेको दिनको भोलिपल्ट सो सम्बन्धी कार्य हुनेछ ।

**विस्तृत जानकारीको लागि :**

- ध्रुवकुमार श्रेष्ठ, संयोजक एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समिति – ९८५११५९५८५, ९८४१३२२४००
- विष्णुबहादुर कार्की स्वास्थ्य संयोजक शैलुङ गाउँपालिका दोलखा – ९८५४०४५६१५

रमेश विश्वकर्मा (सुनार)
प्रमुख प्रशासकीय अधिकृत


वेभसाइट : www.shailungmun.gov.np
इ-मेल : ito.shailungmun@gmail.com